# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, पुस १२ गते २०३९ साल (संख्या ३५


श्री ५ को सरकार

### परराष्ट्र मन्त्रालयको

### सूचना

**अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९**

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "मन्त्रालय" भन्नाले श्री ५ को सरकारको परराष्ट्र मन्त्रालय सम्झनुपर्छ ।

(ख) "मन्त्री" भन्नाले श्री ५ को परराष्ट्र मन्त्री सम्झनुपर्छ ।

(ग) "राजदूत" भन्नाले कुनै मित्रराष्ट्रका लागि नियुक्त भएका शाही नेपाली राजदूत सम्झनुपर्छ ।


८१६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि, मात्र लागु हुनेछ।

(घ) "वाणिज्यक्षेत्र" भन्नाले कुनै राष्ट्रको नगर सम्झनुपर्छ ।

(ङ) "अवैतनिक वाणिज्यदूत" भन्नाले कुनै किसिमको पारिश्रमिक नपाउने गरी नियुक्त हुने वाणिज्यदूत तथा महावाणिज्यदूत सम्झनुपर्छ ।

(च) "नियुक्तिपत्र" भन्नाले कुनै राष्ट्रका राष्ट्राध्यक्ष वा सम्बन्धित अन्य पदाधिकारीले कुनै व्यक्तिलाई अवैतनिक वाणिज्यदूत भै काम गर्न दिएको पत्र (लेटर अफ कमिशन) लाई सम्झनुपर्छ ।

(छ) "स्वीकृतिपत्र" भन्नाले नियुक्तिपत्र पाएका अवैतनिक वाणिज्यदूतलाई वाणिज्यक्षेत्रस्थित राष्ट्रका राष्ट्राध्यक्ष वा सम्बन्धित अन्य पदाधिकारीबाट अवैतनिक वाणिज्यदूतको रूपमा मान्यता दिएको पत्र (एक्जिक्वेटर) सम्झनुपर्छ ।

(ज) "महासन्धि" भन्नाले १९६३ मा भियनामा बसेको संयुक्त राष्ट्रसंघको वाणिज्य सम्बन्धी सम्मेलनले पारित गरेको महासन्धि (भियना कन्भेन्शन अन कन्सुलर रिलेशन्स, १९६३) सम्झनुपर्छ ।

## परिच्छेद–२

## नियुक्ति

३. नियुक्ति गर्ने अधिकार: अवैतनिक वाणिज्यदूतको नियुक्ति राजदूतको सिफारिशमा श्री ५ को सरकारले गर्नेछ र यस्तो नियुक्तिको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

४. अयोग्यता: साधारणतया नियुक्त हुने वाणिज्यक्षेत्रस्थित राष्ट्रको नागरिकबाहेक अन्य राष्ट्रको नागरिकलाई अवैतनिक वाणिज्यदूत नियुक्त गरिनेछैन ।

तर अन्य राष्ट्रले अवैतनिक वाणिज्यदूत नियुक्त गरिसकेको अन्य राष्ट्रको नागरिकलाई भने अवैतनिक वाणिज्यदूत नियुक्ति गर्न सकिनेछ ।

५. कार्यविधि: अवैतनिक वाणिज्यदूतहरूको नियुक्ति महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ९, १०, ११, १२, १३ र १४ मा उल्लेखित कार्यविधि अनुसार गर्नु पर्नेछ ।

६. नियुक्तिपत्र: अवैतनिक वाणिज्यदूतलाई साधारणतया मन्त्रीबाट नियुक्तिपत्र प्रदान हुनेछ ।

७. कार्यावधि: (१) अवैतनिक वाणिज्यदूतको कार्यावधि ४ वर्षको हुनेछ ।

तर अवैतनिक वाणिज्यदूतले सन्तोषप्रद काम गरेको छैन भनी सम्बन्धित राजदूतले सिफारिश गरेमा त्यस्तो वाणिज्यदूतलाई चार वर्षको अवधि पूरा नहुँदै पनि जुनसुकै बखत श्री ५ को सरकारले हटाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै अवैतनिक वाणिज्यदूतले प्रशंसनीय काम गरेको छ भन्नी राजदूतको सिफारिश प्राप्त भएमा र त्यस्तो सिफारिशमा मन्त्रीको सहमति भएमा श्री ५ को सरकारले त्यस्ता अवैतनिक वाणिज्यदूतको चार वर्षको अर्को एक अवधि थप गर्न सक्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक राजदूतको सिफारिशमा नियुक्त भएका अवैतनिक वाणिज्यदूतलाई सिफारिश गर्ने राजदूतको कार्यावधि समाप्त भएपछि नियुक्त हुने नयाँ राजदूतले यथेष्ट कारण देखाई हटाउन सिफारिश गरी पठाएमा र त्यस्तो सिफारिशको मन्त्रीबाट समर्थन भएमा त्यस्ता अवैतनिक वाणिज्यदूतलाई चार वर्षको कार्यावधि पूरा नहुँदै पनि श्री ५ को सरकारले हटाउन सक्नेछ ।

८. नियुक्तिको स्तर: (१) साधारणतया शुरूमा अवैतनिक वाणिज्यदूत पदमा मात्र नियुक्ति गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिका सम्बन्धमा खास कारण देखाई अवैतनिक महावाणिज्यदूत पदमा नियुक्त गर्नु पर्ने भन्ने राजदूतको सिफारिश प्राप्त भएमा र मन्त्रीले त्यस्तो सिफारिशलाई समर्थन गरेमा निजलाई श्री ५ को सरकारले अवैतनिक महावाणिज्यदूत पदमा पनि नियुक्त गर्न सक्नेछ ।

(३) अवैतनिक वाणिज्यदूत नियुक्त भएको दुइ वर्ष पूरा भएपछि निजलाई राजदूतको सिफारिशमा श्री ५ को सरकारले अवैतनिक महावाणिज्यदूतको पदमा पदोन्नति गर्न सक्नेछ ।

९. सेवाका शर्तहरू: (१) अवैतनिक वाणिज्यदूत नियुक्त भएपछि राजदूतले नवनियुक्त वाणिज्यदूतलाई निजको कर्तव्य र उत्तरदायित्वबारे पूर्ण रूपले बोध गराइदिनु पर्नेछ ।

(२) नवनियुक्त अवैतनिक वाणिज्यदूतबाट आफ्नो पद नसुहाउँदो र नेपाल अधिराज्यको अहित हुने कुनै काम गर्नेछैन भन्ने व्यहोराको लिखत गराई सो लिखत राजदूतले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लिखत गराई सकेपछि मात्र राजदूतले नवनियुक्त अवैतनिक वाणिज्यदूतलाई नियुक्तिपत्र, राष्ट्रिय झण्डा र कार्यालयको छाप प्रदान गर्नेछ ।

(४) अवैतनिक वाणिज्यदूतको कार्यावधि समाप्त भएपछि निजले राष्ट्रिय झण्डा र कार्यालयको छाप राजदूतलाई फिर्ता गर्नु पर्नेछ ।

४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-३
## काम, कर्तव्य, जिम्मेवारी र मूल्याङ्कन

१०. अवैतनिक वाणिज्यदूतको काम, कर्तव्य र जिम्मेवारी: (१) अवैतनिक वाणिज्यदूतको काम, कर्तव्य र जिम्मेवारी महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ५ मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) अवैतनिक वाणिज्यदूतले नेपाल अधिराज्यको दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली, परराष्ट्र नीति, आर्थिक नीति तथा वैदेशिक व्यापार नीतिको पूरा मनन र अध्ययन गर्नु पर्नेछ ।

(३) आफू नियुक्त भएको वाणिज्य क्षेत्र वा त्यस क्षेत्र रहेको जिल्ला वा त्यस क्षेत्र रहेको प्रदेश वा त्यस क्षेत्र रहेको राष्ट्र र नेपाल अधिराज्यबीच व्यापार प्रवर्द्धन गर्न राजदूतसँग सरसल्लाह गरी आवश्यक कार्य गर्नु अवैतनिक वाणिज्यदूतको विशेष कर्तव्य हुनेछ ।

तर राजदूतको पूर्व स्वीकृति नलिइकन आफू नियुक्त भएको राष्ट्रको सम्बन्धित पक्षसँग व्यापार प्रवर्द्धन विषयमा कुराकानी शुरू गर्न पाउनेछैन ।

(४) उप-नियम (३) बमोजिमको विषयमा भएको प्रगति प्रतिवेदन अवैतनिक वाणिज्यदूतले प्रत्येक तीन महीनामा राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले पनि आफूले प्राप्त गरेको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) अवैतनिक वाणिज्यदूतले नेपाल अधिराज्य भ्रमण गर्न चाहने विदेशीहरूलाई भिसा प्रदान गर्न सक्नेछ ।

(६) अवैतनिक वाणिज्यदूतले भिसा प्रदान गर्दा प्राप्त भएको राजस्वको फाँटवारी प्रत्येक महीनाको अन्त्यमा राजदूतलाई पठाउनु पर्नेछ ।

(७) बखत बखतमा तोकिएको भिसा दस्तूरको दरबमोजिम भिसा प्रदान गर्दा आम्दानी हुन आउने सम्पूर्ण रकम राजदूतलाई बुझाउनु पर्नेछ र यस्तो आम्दानी रकमबाट कुनै मसलन्द खर्च वा हुलाक खर्च वा अन्य कुनै पनि किसिमको खर्च कट्टा गर्न पाउनेछैन ।

(८) नेपाल अधिराज्यबाट भ्रमणमा आएका विशिष्ट व्यक्तिहरूलाई राजदूतको निर्देशानुसार अवैतनिक वाणिज्यदूतले हरसम्भव सबै किसिमको मद्दत, सुहाउँदो सम्मान र आवश्यक सहयोग दिनु पर्नेछ ।

(९) अवैतनिक वाणिज्यदूतको हैसियतले विभिन्न व्यक्तिहरूसँग औपचारिक भेटघाट वा शिष्टाचार भेटको बखतमा भएको कुराकानीको प्रतिवेदन तयार पारी निजले राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले यस्तो प्रतिवेदन मन्त्रालयमा पठाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल्याङ्कनः अवैतनिक वाणिज्यदूतको कामको मूल्याङ्कन देहायको आधारमा श्री ५ को सरकारले गर्नेछः–

(क) निजले पठाउनु पर्ने त्रैमासिक प्रतिवेदन,

(ख) औपचारिक वा शिष्टाचार भेटको बखतमा भएको कुराकानीको प्रतिवेदन,

(ग) भिसा जारी गर्दा प्राप्त हुन आएको रकम तथा फाँटवारी ठीक ठीक समयमा पठाउने गरे नगरेको,

(घ) पर्यटकहरूसँगको व्यवहार,

(ङ) निजप्रति नेपाली नागरिकहरूको मन्तव्य, र

(च) राजदूतको प्रतिवेदन ।

परिच्छेद–४

नेपालमा मित्रराष्ट्रद्वारा अवैतनिक वाणिज्यदूतमा नियुक्ति

१२. मित्रराष्ट्रद्वारा नियुक्तिः (१) कुनै मित्रराष्ट्रले चाहेमा नेपाल अधिराज्यको वाणिज्यक्षेत्रमा अवैतनिक वाणिज्यदूत नियुक्त गर्न सक्नेछ ।

(२) अवैतनिक वाणिज्यदूतको नियुक्ति महासन्धिमा उल्लेखित कार्यविधि तथा शर्तअनुसार मात्र गर्न सकिनेछ ।

१३. सुविधा र उन्मुक्तिमा बन्देजः महासन्धिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मित्रराष्ट्रले कुनै नेपाली नागरिकलाई नेपाल अधिराज्यको कुनै वाणिज्यक्षेत्रमा अवैतनिक वाणिज्यदूत नियुक्त गरेमा त्यस्ता अवैतनिक वाणिज्यदूतलाई कुन हदसम्म सुविधा र उन्मुक्ति दिने भन्ने कुरा श्री ५ को सरकारले निर्णय गरेबमोजिम हुनेछ ।

१४. स्वीकृतिपत्रः कुनै मित्रराष्ट्रबाट नेपाल अधिराज्यको वाणिज्यक्षेत्रमा नियुक्त भएका अवैतनिक वाणिज्यदूतलाई साधारणतया मन्त्रीबाट स्वीकृतिपत्र प्रदान गर्नेछ ।

परिच्छेद–५

विविध

१५. महासन्धिबमोजिम हुनेः अवैतनिक वाणिज्यदूतका सम्बन्धमा महासन्धि सम्पूर्ण रूपले अनुशरण गरिनेछ ।

६२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नेपाली नागरिक नेपाल अधिराज्यको वाणिज्यक्षेत्रमा कुनै मित्र-राष्ट्रद्वारा अवैतनिक वाणिज्यदूत नियुक्त भएमा त्यस्तो अवैतनिक वाणिज्य-दूतको सुविधा र उन्मुक्तिको हकमा नियम १३ बमोजिम हुनेछ ।

१६. खारेजी: अवैतनिक वाणिज्यदूतहरूका सम्बन्धमा भइरहेको यसअघिका सबै निर्णयहरू खारेज गरिएका छन् ।

आज्ञाले,
जगदीश शमशेर राणा
श्री ५ को सरकारको सचिव

622

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार